## पृष्ठभूमि

नेपाल अधिराज्यमा भू-बनोट, भौगर्भिक स्थिति, भूकम्पीय गतिविधि, मनसुनको असमानुपातिक वर्षा, हिमनदी विस्फोटन, अवैज्ञानिक भू-उपयोग आदि कारणले भू-क्षय, बाढी, पहिरो, नदी किनारा कटान जस्ता जल उत्पन्न प्रकोपका समस्याहरु भोग्नु परिरहेको छ। यी प्रकोपका कारणबाट सडक, जलविद्युत, सिंचाई, आवास, खानेपानी आदिका संरचनाहरुको क्षति, कृषि योग्य भूमिको विनाश तथा जनधनको नोक्सान भएर देशको दिगो तथा विकासमा नकारात्मक असरहरु परिरहेका छन्। यस्ता प्रकोपहरुको न्यूनीकरणको लागि २०४८ साल असोज २१ गते नेपाल सरकार तथा जापान सरकार बीच सम्झौता भइ जलस्रोत मन्त्रालय अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्द्र (Water Induced Disater Prevention Technical Centre, DPTC) को स्थापना भएर साढे सात वर्ष नेपाल सरकारको सम्बन्धित निकायहरुको सहभागिता एवं जापान सरकारको तर्फबाट जापानी अन्तराष्ट्रिय विकास नियोग (JICA) को सहयोगमा विभिन्न कार्यक्रमहरु संचालन भएको थियो।

जल उत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्द्रलाई त्यसको उद्देश्य तथा उपलब्धिहरुलाई संस्थागत गर्न स्थायी निकायको रुपमा परिणत गरी २०५६ माघ २४ गते जलस्रोत मन्त्रालय अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण विभाग (Department of Water Iduced Disaster Prevention - DWIDP) को स्थापना गरिएको हो।

विभागको संगठन स्वरुपमा नेपाल अधिराज्यको विभिन्न जिल्लाहरुमा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि सात वटा डिभिजन र पाँचवटा सब-डिभिजन कार्यालयहरु सृजना भई स्थापना भएका छन्। नदी नियन्त्रण एवं अन्य जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यहरु नदी नियन्त्रण योजना लगायत यी डिभिजन तथा सब-डिभिजन कार्यालयहरु मार्फत भई रहेका छन्।

## मूल लक्ष्य (Goal)

यस विभागको मूल लक्ष्य विभिन्न जल उत्पन्न प्रकोपहरुलाई न्यूनिकरण एवं व्यवस्थापन गरि सो प्रकोपबाट हुने धन जन तथा भौतिक संरचनाहरुको क्षतिलाई न्यूनिकरण गर्नु रहेको छ।

## उद्देश्य

जल उत्पन्न प्रकोप न्यूनीकरण गर्न नदी तथा जलाधार संरक्षण सम्बन्धी कार्यहरु कार्यान्वयन गर्ने, यस सम्बन्धी प्रविधि विकास अध्ययन अनुसन्धान, सूचना प्रणालीको विकास, जनशक्ति विकास, संस्थागत विकास एवं जनचेतना अभिवृद्धि गर्ने।

## रणनीतिहरू

- जल उत्पन्न प्रकोप व्यवस्थापन नीति एवं योजना तयार गर्ने र कार्यान्वयन गर्ने।
- जोखीम नक्शा बनाउने र क्षेत्र विभाजन गर्ने।
- प्रकोप न्यूनीकरण सञ्जाल र सूचना प्रणालीलाई सुदृढीकरण गर्ने।
- प्रकोप व्यवस्थापन सम्बन्धी समुदायको चेतना अभिवृद्धि एवं प्रक्षिक्षणको कार्यक्रमहरु संचालन गर्ने।
- नेपाल-भारत डुवान समितिहरुलाई सक्रीय बनाउने।
- वाढी क्षेत्र कार्य योजना तयार एवं कार्यान्वयन गर्ने।
- प्रकोप न्यूनीकरण उपायहरुको कार्यान्वयन गर्ने।
- संस्थागत विकास, जनशक्ति विकास तथा क्षमता अभिवृद्धि कार्यको सुदृढीकरण गर्ने।
- स्थानीय वातावरण सुहाउँदो प्रकोप न्यूनीकरणका उपायहरु तथा निर्माण पद्दतिको पहिचान गर्ने।
- जल उत्पन्न प्रकोप पुर्नस्थापन कार्य संस्थागत तथा सुदृढीकरण गर्ने।
- प्रकोप सूचना प्रणालीको विकास, विस्तार तथा प्रवाह गर्ने।
- नेपाल सरकार तथा जन समुदायको प्रकोप न्यूनीकरण सम्बन्धी क्षमता अभिवृद्धि गर्ने।

## जल-उत्पन्न प्रकोप नियन्त्रण विभागका प्रमुख कार्यहरु

### (क) प्रविधि विकास कार्य

यस कार्य अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रणका लागि स्थानीय तथा आधुनिक प्रविधिको मिश्रण गरेर नेपालको स्थानीय अवस्था सुहाउँदो इन्जिनियरिङ्ग प्रविधि विकास गर्ने कार्य रहेको छ। यस्तो प्रविधि विकास गर्दा छनौट गरिएका स्थलहरुमा विभिन्न तरिकाहरु तुलना गर्न प्रस्ताव गरी उपयुक्त तरिका पहिचान गर्न नमुना निर्माण कार्यहरु गरिने छन्। प्रविधि निर्देशिकाहरु तयार गर्ने र विभिन्न स्थानहरुमा चालु आयोजनाहरुलाई सल्लाह प्रदान गर्नु यस अन्तर्गतका मुख्य कार्यहरु हुन्।



### (ख) तालीम, अध्यनन तथा सूचना कार्य

नेपाल सरकार तथा अन्तर्गत निकायहरुका प्राविधिकहरुको जल-उत्पन्न प्रकोप न्यूनीकरण सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्न तालीम कार्यहरु संचालन गरिन्छन्। जल-उत्पन्न प्रकोप सम्बन्धी सूचनाहरु संकलन गरी तथ्यांक भण्डार तयार गर्ने र विभिन्न प्रकाशनहरु मार्फत सूचना सम्प्रेषण गर्ने कार्य गरिन्छ। यसको अलावा जल-उत्पन्न प्रकोप सम्बन्धी विभिन्न अध्ययन कार्य गर्नुको साथै विभिन्न सेमिनारहरु, गोष्ठीहरु संचालन गरि जल-उत्पन्न प्रकोप न्यूनीकरण सम्बन्धी जन-चेतना मूलक कार्यहरु गरिन्छन्।

### (ग) जल उत्पन्न प्रकोप न्यूनीकरण कार्य

यस कार्य अन्तर्गत वाढी, पहिरो तथा ग्रेगान वहाव जस्ता जल उत्पन्न प्रकोपहरुको आकस्मिक, स्थलगत तथा गुरु योजना अन्तर्गत दीर्घकालीन नियन्त्रण कार्यहरु गरिन्छ।



## विभाग अन्तर्गत संचालित विभिन्न कार्यक्रम तथा योजनाहरू

### (१) जल उत्पन्न प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम
Disaster Mitigation Support Programme (DMSP)

यस विभाग अन्तर्गत संचालित यस कार्यक्रमको मुख्य कार्यहरु निम्न लिखित छन् :

- सामुदायिक प्रकोप न्यूनीकरण कार्य
- शिक्षा तथा जन चेतना अभिवृद्धि गर्ने
- उपयुक्त तथा कम खर्चिलो प्रविधिको प्रयोग गर्ने
- प्रकोप न्यूनिकरण कार्यमा जन सहभागिता परिचालन गर्ने
- प्रकोप पुनर्स्थापन कार्य गर्ने
- सर्वेक्षण तथा क्षती संकलन गर्ने
- आकस्मिक पुनर्स्थापना नमूना निर्माण कार्य गर्ने
- सूचना प्रविधि विकास तथा प्रसारण कार्य
- तालिम तथा गोष्ठीहरुको संचालन गर्ने
- तथ्याङ्क संकलन तथा सूचना प्रणालीको विकास गर्ने
- भौगोलिक सूचना प्रणाली प्रयोग गरी जोखिम नक्शा बनाउने
- प्रकोप न्यूनिकरण पाठ्यक्रम निर्माणमा सहयोग गर्ने

### (२) नदी नियन्त्रण योजना

यस विभागबाट केन्द्रिय स्तरमा संचालित यस योजनाको मुख्य कार्यहरु निम्न लिखित छन्।

१. आपत्कालिन कार्यको लागि तार जाली तथा अन्य नदी नियन्त्रण सामग्रीहरु अधिराज्यभर आपूर्ति गर्ने
२. नदी नियन्त्रण सम्बन्धी अध्ययन कार्य गर्ने
३. सिमाना नदीहरुबाट हुने क्षतिको न्यूनीकरणको लागि Standing Committee on Inundation Problem (SCIP) लाई क्रियाशील गर्ने

### (३) वागमती नदी नियन्त्रण योजना

Standing Committee on Inundation Problem, SCIP को सातौं बैठकले वागमती नदीमा तट्वन्ध विस्तार गर्न वागमती नदी नियन्त्रण योजनाको तर्जुमा गरियो। सो योजना अन्तर्गत विभिन्न निर्माण कार्यका लागि भारत सरकारको तर्फबाट रु. ३१.४१३ करोड र नेपाल सरकारको तर्फबाट रु. ७.८४३ करोड गरी जम्मा रु. ३९.२५६ करोड लागत अनुमान गरिएको छ।

### (४) मुग्लिङ्ग नारायणघाट जल उत्पन्न प्रकोप नियन्त्रण योजना

२०६० साल श्रावणमा आएको अविरल वर्षाको कारणबाट पहिरो, गेग्रान वहाव तथा नदी कटान आदिबाट क्षत विक्षत भएको नारायणगढ-मुग्लिङ्ग सडक खण्डलाई दिगो रुपमा संरक्षण गरि समय समयमा आउने प्राकृतिक जल उत्पन्न प्रकोपबाट उक्त सडक खण्ड बचाउ गर्न जापान सरकारको आर्थिक सहयोगमा आ.ब. ०६१/६२ देखि यो योजना सुरु भएको हो। यो योजना को कुल लागत इस्टिमेट रु. ३० करोड २० लाख रहेको छ  जसमध्ये रु. ३ करोड नेपाल सकारकाबाट व्यहोर्ने र बांकी रकम जापान सरको JICA बाट व्यहोर्ने प्रावधन रहेको छ।

### (५) लाल बकैया नदी नियन्त्रण योजना

रौतहत जिल्लाका लाल वकैया नदी नियन्त्रण कार्यको लागि भारत सरकारको तर्फबाट रु. ४.५८ करोड र नेपाल सरकारको तर्फबाट रु. १.५६ करोड गरी जम्मा रु. ६.१४ करोड को योजना रहेको छ।

### (६) सिन्धुली-बर्दीवास जल उत्पन्न प्रकोप नियन्त्रण योजना

सिन्धुली-बर्दीवास सडक खण्ड धुलिखेल बर्दीवास सडक आयोजनाको एक भाग हो जस्ले भविष्यमा नेपाल अधिराज्यको राजधानी र तराई क्षेत्रका साथै अन्य ठाउँको सम्पर्क सडक को रुपमा काम गर्ने छ। यो आयोजना च.नं. २०+०० देखि च.नं. २९+०० सम्मको विभिन्न १३ वटा खहरेहरुमा वर्षायाममा पहिरो गेग्रान वहाव भई सकड अवरुद्ध भई रहने हुँदा सो को रोकथाम गर्ने प्रमुख उद्देश्य लिई जापान सरकारको अनुदान सहयोगमा यो योजना संचालन छ। यस योजनाको लागत अनुमान रु. १६ करोड रहेको छ।

## दशौं योजनामा परेका मुख्य कार्यहरु

दशौं योजना (२०५९-६४) मा जल उत्पन्न प्रकोप नियन्त्रण विभाग अन्तर्गत परेका मुख्य कार्यहरु निम्नानुसार छन्।

- जल उत्पन्न प्रकोप व्यवस्थापनलाई नियमित कार्यक्रमको रुपमा संस्थागत गर्न नीति, कानून, नियमावली र दिग्दर्शन तर्जुमा गर्ने।
- जल उत्पन्न प्रकोपजन्य जोखिम क्षेत्रको नक्साङ्कन र रेखाङ्कन गर्ने।
- नमूना निर्माण कार्यहरुको माध्यमबाट उपयुक्त प्रविधि विकास र विस्तार गर्ने
- वाढी तथा पहिरोबाट हुने क्षति बारे पूर्व सूचना प्रणालीबाट जनतालाई सुसूचित गर्ने र जनचेतना अभिवृद्धि गर्ने।
- नेपाल-भारत सीमा क्षेत्रमा हुने डुवान समस्यासंग सम्वनिधत द्विपक्षीय समितिलाई प्रभावकारी बनाउने।
- वाढी मैदान व्यवस्थापन कार्य योजना यतार गरी लागू गर्ने
- प्रकोपको न्यूनीकरण /नियन्त्रणका योजनाहरु लागू गर्ने



## विभागको जनशक्ति

| क.स. | विवरण | विभाग | डिभिजन | सव डिभिजन | जम्मा |
|---|---|---|---|---|---|
| १. | रा.प.प्रथम (प्रा.) | ३ | - | - | ३ |
| २. | रा.प.द्वितीय (प्रा.) | ७ | ७ | - | १४ |
| ३. | रा.प.तृतीय (प्रा.) | २१ | २२ | ५ | ४८ |
| ४. | रा.प.तृतीय | ३ | - | - | ३ |
| ५. | रा.प.अ.प्रथम (प्रा.) | २३ | ४४ | १० | ७७ |
| ६. | रा.प.अ.प्रथम | ६ | १४ | - | २० |
| ७. | रा.प.अ.द्वितीय(प्रा.) | - | २ | - | २ |
| ८. | रा.प.अ.द्वितीय | २ | ७ | १० | १९ |
| ९. | श्रेणी विहिन | ५ | ३० | १० | ४५ |
| | जम्मा | ७० | १२६ | ३५ | २३१ |

## विभागको भौतिक पूर्वाधारहरु

१. पुल्चोक विभागको भवन
२. गोदावरीमा हाइड्रोलिक प्रयोग शाला
३. बानेश्वरमा हेभि इक्यूप्मेष्ट गैराज
४. अधिराज्यको विभिन्न ठाउँहरुमा ७ वटा डिभिजन कार्यालय र ५ वटा सव डिभिजन कार्यालयहरु
५. विराटनगर, परवानीपुर, पोखरा, नेपालगञ्ज र धनगढीमा ग्याबियन तार जाली बुन्ने मेशीनहरु

## संगठन तालिका

जलस्रोत मन्त्रालय

जल उत्पन्न प्रकोप नियन्त्रण विभाग
महानिर्देशक

संयुक्त समन्वय समिति

अनुसन्धान, तालीम र अनुगमन महाशाखा
उप-महानिर्देशक

अध्ययन तथा कार्यान्वयन महाशाखा
उप-महानिर्देशक

प्र.न्यू.स.का.आ.(DMSP)

प्रविधि विकास शाखा

तालीम तथा सूचना शाखा

नदी नियन्त्रण कार्यान्वयन शाखा

नदी नियन्त्रण अध्ययन शाखा

यान्त्रिक व्यवस्थापन शाखा

प्रशासन, लेखा तथा कानून शाखा

**डिभिजन कार्यालयहरु**

डिभिजन कार्यालय नं. १, विराटनगर, मोरङ
डिभिजन कार्यालय नं. २, जनकपुर, धनुषा
डिभिजन कार्यालय नं. ३, परवानीपुर, वारा
डिभिजन कार्यालय नं. ४, भक्तपुर
डिभिजन कार्यालय नं. ५, भैरहवा, रुपन्देही
डिभिजन कार्यालय नं. ६, नेपालगञ्ज, बाँके
डिभिजन कार्यालय नं. ७, धनगढी, कैलाली

**सब-डिभिजन कार्यालयहरु**

सब-डिभिजन कार्यालय नं. १, विदुर, नुवाकोट
सब-डिभिजन कार्यालय नं. २, पोखरा, कास्की
सब-डिभिजन कार्यालय नं. ३, लमही, दाङ
सब-डिभिजन कार्यालय नं. ४, वीरेन्द्रनगर, सुर्खेत
सब-डिभिजन कार्यालय नं. ५, दीपायल, डोटी

# जल उत्पन्न प्रकोप नियन्त्रण विभाग



# एक परिचय




नेपाल सरकार
जलस्रोत मन्त्रालय
जल उत्पन्न प्रकोप नियन्त्रण विभाग
पुल्चोक, ललितपुर, नेपाल पो.ब.नं. १३१०५
फोन: ९७७-१-५५३५७०७, ५५३५५०२ फ्याक्स: ९७७-१-५५२३५२८
email: dmsdpjica@wlink.com.np/dwidp@wlink.com.np